वैठक संख्या नं. : ३९

आज मिति २०८१/०७/२९ गते बिहीबारका दिन त्रियुगा नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार बस्नेतज्यूको अध्यक्षतामा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्युहरुको उपस्थितिमा नगर कार्यपालिकाको वैठक बस्यो ।

उपस्थिति

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बसन्त कुमार बस्नेत | नगर प्रमुख | |
| २ | श्री महेश्वरी राई | नगर उपप्रमुख | |
| ३ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री घमान सिह खत्री | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री तिलक बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री बद्री बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री उद्धब कुमार थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री योगेन्द्र बहादुर दाहाल | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री अमर बहादुर दनुवार | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री राज कुमार राउत | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राज कुमार दनुवार | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री किरण पाण्डे | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री सुमन्त कोईराला | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अनिता थापा | का.वा.वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १३ | |
| १६ | श्री हिम राज मगर | वडा अध्यक्ष वडा नं. १४ | |
| १७ | श्री गणेश प्रसाद तिम्सीना | वडा अध्यक्ष वडा नं. १५ | |
| १८ | श्री मान बहादुर राई | वडा अध्यक्ष वडा नं. १६ | |
| १९ | श्री बिमल राई | कार्यपालिका सदस्य | |
| २० | श्री डिल्ली सेर राई | कार्यपालिका सदस्य | |
| २१ | श्री बलदेब बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री गीता कुमारी उप्रेती | कार्यपालिका सदस्य | |
| २३ | श्री रेखा थापा मगर | कार्यपालिका सदस्य | |
| २४ | श्री रेणुका श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २५ | श्री सुनिता गजमेर | कार्यपालिका सदस्य | |
| २६ | श्री कुन्ती परियार | कार्यपालिका सदस्य | |

सचिव

श्री राज कुमार खड्का     नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं ७११

क) स्थानीय सरकारी सेवा गठन तथा संचालन ऐन २०८० को दफा २७ को उपदफा ४ बमोजिम त्रियुगा नगरपालिका नगरकार्यपालिकाबाट मिति २०८१/०३/०८ गते गठित तहवृद्धि सिफारिस समितिको मिति २०८१/०६/११ को निर्णय बमोजिम सिफारिस भई आएका यस नगरपालिका अन्तर्गत स्वास्थ्य सेवामा कार्यरत रहेका देहायका कर्मचारीको तहवृद्धि गर्ने निर्णय गरियो ।

देहाय

१. राजेन्द्र दनुवार

२. निरुता कुमारी लुइँटेल

| सि.न. | कर्मचारीको नाम थर | जन्म | ठेगाना | हालको पद | सेवा समुह /उप समुह | श्रेणी तह | हालको पदमा नियुक्ती/बढुवा | जम्मा सेवा अवधी | शैक्षिक योग्यता | तह वृद्धि हुने पद | का.स.मु औषत अंक | | | समायोजन भएको मिति | समायोजन भएको कार्यालय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | ०७७।०७८ | ०७८।७९ | ०७९।८० | | |
| १ | राजेन्द्र दनुवार | २०४६-०३-०५ | त्रि.न.पा. ८ | सि.अ.हे.व. | हे.ई. | पाँचौ | २०७६-०२-०५ | ५ वर्ष ४ महिना | अ.हे.व. /स्नातक | अधिकृत छैटौं | ४० | ४० | ४० | २०७३।०४।२२ | त्रि.न.पा. |
| २ | निरुता कुमारी लुइँटेल | २०४३-०५-१५ | त्रि.न.पा. ४ | सि.अ.हे.व. | हे.ई. | पाँचौ | २०७७-०२-०६ | ५ वर्ष ४ महिना | अ.हे.व. /स्नातकोत्तर | अधिकृत छैटौं | ४० | ४० | ४० | २०७३।०४।२४ | त्रि.न.पा. |

ख) नगरपालिकामा मिति २०८१/०४/३१ देखि सरसफाईकर्मिको रुपमा कार्यरत डिक बहादुर बिश्वकर्मा,संजय कार्की,दिपेश भुजेल लाई मिति २०८१/०८/०१ देखि करार गर्ने र नगरपालिका क्षेत्रभित्र भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुले आवाद कमोत गरेका ऐलानी जग्गा नापजाँच कार्यका लागि काममा लगाईएका अमिन राजकुमार ढकाल, सन्तोष यादव, दिलिप कुमार यादव र चन्द्र ढकाललाई हालसम्मको पारिश्रमिक डोर हाजिरी मार्फत उपलब्ध गराउने र मिति २०८१/०८/०१ देखि करार सम्झौता गरि अमिन पदको शुरु स्केल बराबरको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं ७१२</u>

जिल्ला अस्पताल बोक्सेलाई ICU संग सम्बन्धित उपकरणहरु र जेनेरेटर सहित अक्सिजन प्लान्ट स्तरोन्नतिको लागि जिल्ला अस्पताल बोक्से,त्रियुगा नगरपालिका र लायन्स क्लब इन्टरनेशनलको संयुक्त लगानिमा गरिने कार्यको लागि नगरपालिकाले म्याचिङ्ग फण्ड बापत व्यहोर्नु पर्ने अमेरिकन डलर ३३६०० मध्येको ५०% रकम लायन्स क्लब इन्टरनेशनलको सिटिजन्स बैंक,कमलादी,काठमाण्डौको खाता नं ०८५०१०००००३५८२०१ मा जम्मा गरिदिने निर्णय गरियो ।

<u>निर्णय नं ७१३</u>

त्रियुगा नगरपालिकाको नगर अस्पताल देउरीको बाट मिति २०८१/०६/०७ गते निर्णय भई सिफारिस भएका देहायका निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

क) त्रियुगा नगर अस्पताल प्रमुखको तलब तथा सेवा सुविधा शुरु नियुक्ती मितिदेखि देहाय बमोजिम व्यवस्थापन गर्ने।

- तलब स्केल रु ४८,७३७।
- प्रोत्साहन भत्ता तलब स्केलको शतप्रतिशत
- Non-Practice allowance रु ४,०००।
- संचार खर्च रु ७,०००।
- यातायात खर्च रु १३,०००।

ख) त्रियुगा नगर अस्पतालको लागि कर्मचारी माग सम्बन्धमा ।

- नगर अस्पताल संचालन भएदेखी हे.अ.सिम्रन कुमारी शाह कार्यरत रहेकोहुँदा निजलाइ दैनिक ज्यालादारीमा दैनिक रु ७९०। उपलब्ध गराउने साथै कार्यालय सहयोगि पदमा हेमा राना र गिता मगर लाई दैनिक रु ६९०। को दरले अस्पताल संचालन मितिदेखि पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

ग) त्रियुगा नगर अस्पतालको फार्मेसी संचालन सम्बन्धमा ।

- त्रियुगा नगर अस्पताललाई थप व्यवस्थित गर्नका लागि अत्यावश्यक औषधी लगायत औषधिजन्य सामाग्री सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गरि सशुल्क फार्मेसी संचालन गर्ने निर्णय गरियो ।

घ) नगर अस्पताल व्यवस्थापन सम्बन्धमा ।

- नगर अस्पताल व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरु माग भई आएकोले बजेट व्यवस्थापन गरि सामाग्री उपलब्ध गराउने निर्णय गरियो ।
- नगर अस्पतालको एम्बुलेन्स चालकको तलब भत्ता न्यून भएकोले नियमानुसार हलुका सवारी चालकले पाउने तलब तथा सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो । साथै स्वास्थ्य चौकी [illegible] लाउने को एम्बुलेन्स चालकलाई ह.स.चा. को पारिश्रमिक उपलब्ध गराउने।

<u>निर्णय नं ७१४</u>

खोटेहाङ्ग गाउँपालिका वडा नं ५ स्थायी ठेगाना भई हाल त्रियुगा नगरपालिका वडा नं ११ मिजि चोक बस्दै आएका रबिन राई तथा अल्पना राईको छोरा वर्ष ७ को रिचेश राई त्रि.न.पा ११ बरुवा बसपार्कको कम्पाउन्डमा भएको पोखरीमा डुबि

मृत फेला परेको हुँदा निज मृतकको परिवारलाई काजक्रिया खर्च वापत रु २५,०००/- (पच्चीस हजार मात्र) उपलब्ध गराउने र मृतकको आमा अल्पना राईलाई सगरमाथा कृषि बजार वडा नं १३ मा मासिक रु १५,०००(पन्ध्र हजार) पारिश्रमिक उपलब्ध गराउने गरि मिति २०८१/०८/०१ देखि कामकाजमा लगाउने निर्णय गरियो।

**<u>निर्णय नं ७१५</u>**

त्रियुगा नगरपालिका वडा नं २ को च.नं ५२५,मिति २०८१/०७/२६ को सिफारिस बमोजिम सोहि वडास्थित त्रिवेणी मन्दीर पुर्व लुहाले खोला छेउभा व्यक्तिको नम्बरी जग्गामा विना अनुमति दैनिक फोहोर फाल्ने कार्य गरेको पाई मिति २०८१/०७/२५ गते गिरिबन्धु पलाष्टिक उद्योग,त्रिन.पा. ३,गाईघाट ले गाडी नं २-०१-००१ ख/००९३ नम्बरको फोहोर लोड ट्रक बाट ,फोहोर ल्याई फ्याक्न लागेको अवस्थामा स्थानीय जनप्रतिनिधि तथा प्रहरी चौकी समेतको रोहबरमा नियन्त्रणमा लिई कारवाहिका लागि सिफारिस भई आएकोले मानव स्वास्थ्य तथा संवेदनशिलतामा गम्भिर असर पुर्याउने फोहोर नगरपालिकाको अनुमति तथा समन्वय विपरित कार्य गरेको पाईएकोले उक्त गिरिबन्धु पलाष्टिक उद्योग,त्रिन.पा. ३,गाईघाट लाई रु १५,०००(पन्ध्र हजार) रकम जरिवाना गरिएकोमा अनुमोदन गर्ने र अनुमति तथा समन्वय विपरित फ्याकेको फोहोर व्यवस्थापन गर्न लगाई नियन्त्रणमा रहेको ट्रक लैजान दिने निर्णय गरियो ।साथै आगामि दिनभित्र विना अनुमति नगरक्षेत्रभित्र फोहरमैला फ्याकेमा कडा कारवाहि हुनेबारे सचेत गराउने निर्णय गरियो ।

**<u>निर्णय नं ७१६</u>**

नगरपालिका भित्र निर्माण हुने भवनहरुलाई भवन निर्माण इजाजत प्रदान गर्दा नेपाल सरकार, शहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभागद्वारा जारी भएको विल्डीङ कोड NBC:205:1994 को आधारमा निर्माण हुने नक्साको आधारमा दिने गरकोमा मिति २०८१/०१/३० गतेको नेपाल सरकार (मन्त्रीस्तरीय) निर्णयानुसार स्वीकृत र मिति २०८१/०२/२८ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित गरि NBC 205:1994 परिमार्जित भई NBC:205:2024 जारी भैसकेको देखिएकोले र नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिबाटै उक्त कुरा देश भरि स्वतरुपमा लागु हुने भएकोले परिमार्जित विल्डिड कोड NBC:205:2024 लाई यस नगरपालिकामा समेत आजको मिति देखि लागु हुने गरि कार्यान्वयन गर्ने निर्णय गरियो।(यस अघि भएका कामको हकमा सोहि बमोजिम हुने)

**<u>निर्णय नं ७१७</u>**

नगरपालिका तथा वडामा कार्यरत तपसिलका प्राविधिक कर्मचारीहरुलाई अतिरिक्त फिल्ड भत्ता साविक बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

**<u>तपसिल</u>**

| | | | | |
|---|---|---|---|---|
| गुञ्जन कार्की | निर्मल कुमार विश्वास चौधरी | शैलेन्द्र कुमार मण्डल | रमेशचन्द्र दुङ्गाना | श्रवण चौधरी |
| बिष्णु तामाङ्ग | भक्त ब दनुवार | भक्त ब. नेपाली | धनश्याम चौधरी | अनिल दनुवार |
| बसन्त दनुवार | उत्सव श्रेष्ठ | शुशिल राई | प्रमोद दुङ्गाना | |
| राकेश कुमार चौधरी | टिकाराम गुरागाई | विनिता बस्नेत | राजकिशोर शाह | |
| नविन चौधरी | रोशन कुमार नायक | पुरुषोत्तम बस्नेत | गिता थापा | |

**<u>निर्णय नं ७१८</u>**

त्रियुगा नगरपालिका वडा नं ५ स्थायी ठेगाना भएकी राष्ट्रिय महिला फुटबल खेलाडी अनिसा कार्कीलाई आर्थिक सहायता बजेट शिर्षकबाट रु ५०,०००/- (पचास हजार) नगद रकमले सम्मान गर्ने साथै अन्य ४ जना उदयपुरका खेलाडीहरुलाई

खादा माला तथा प्रशंशा पत्रले सम्मान गर्ने र सम्मान कार्यको लागि विविध खर्च रु १०,०००। (दश हजार) आर्थिक सहायता बजेट शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७१९**

दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना दोस्रो (Enssure-II) अन्तर्गत प्राविधिक तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट तह २ को लागि स्वीकृत १० महिने (१६९६ घण्टा) OJT सहितको तालिमको स्वीकृत पाठ्यक्रम मध्येबाट चालु वर्षको कार्यगत अभ्यास सहितको तालिम संचालन शीर्षक अन्तर्गत व्यवस्था गरिएको संख्याको आधारमा तपशिल बमोजिमको विषय छनोट गरी तालिम संचालन गर्ने निर्णय गरियो ।

i) Professional Computer Hardware and Network Technician

ii)Professional LCD LED TV Repair Technician

iii) Professional Plumber

**विविधतर्फ**

**निर्णय नं. ७२०**

क) आ.व. २०८१/०८२ को स्वास्थ्य तर्फ सामानिकरण अनुदान मा विनियोजित मेयर संग जेष्ठ नागरिक सम्मान कार्यक्रम शिर्षकको बजेटबाट त्रियुगा नगरपालिकाको वडा न ०१ देखि क्रमश कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

ख) त्रियुगा नगरपालिका वडा नं. १२ को लागि वडा स्तरीय स्वीकृत कार्यक्रम गंगा राईको घर देखि पुलकित चौधरीको घर सम्म अधुरो नाला निर्माणमा चालु आ. व. २०८१/०८२ को लागि ६ लाख विनियोजन भएको र सोहि योजनाको लागि वडा स्तरीय कार्यक्रम "साना तिना पूर्वाधार योजना खर्च शि.नं. ३११५१ मा विनियोजित कुल बजेट रु. ३,५०,०००/- लाई" निम्न शिर्षकमा खर्च गर्ने मिति २०८१/०७/१४ गतेको वडा समितिको निर्णय र मिति २०८१/०७/२७ गतेको वडा समितिको निर्णयबाट वडा सिलिङ बजेट अन्तर्गत रहेको योजना शैक्षिक गुणस्तर सुधार खर्च शिर्षक नं. २५३११ लाई संसोधन गरि नेपाल राष्ट्रिय भुतपूर्व सैनिक संघ शाखा कार्यालय भवन रंगरोगन गर्ने शिर्षकमा रकमान्तर गर्ने निर्णय भई सिफारिस साथ आएको हुँदा उक्त रकमलाई आगामी नगरसभाबाट अनुमोदन हुने गरि रकमान्तरण गर्ने निर्णय गरियो।

| क्र.स. | साविकको योजना | विनियोजित बजेट | खर्च शिर्षक नं. | रकमान्तरण भएको शिर्षक | विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १. | सानातिना पूर्वाधार योजना | ३,५०,०००।- | ३११५१ | गंगा राईको घर देखि पुलकित चौधरीको घरसम्म अधुरो नाला निर्माण | ३,००,०००।- |
| | | | | प्रमिला थापाको घर हुँदै उदय कार्कीको घर देखि सोभा कार्कीको घरसम्म अधुरो इन्टरलक गल्ली निर्माण | ५०,०००।- |
| २ | शैक्षिक गुणस्तर सुधार खर्च | १,२०,०००।- | २५३११ | नेपाल राष्ट्रिय भुतपूर्व सैनिक संघ शाखा कार्यालय भवन रंगरोगन गर्ने | १,२०,०००।- |

CamScanner

ग) त्रियुगा नगरपालिका वडा नं ४ मा अवस्थित बगाहा खोरिया खानेपानी उपभोक्ता समितिमा कार्यरत कर्मचारीहरुको म्याद २०८१ साल साउन १ देखि २०८१ पौष मसान्त सम्मको लागि थप गरि उक्त खानेपानी समितिको बजेटबाटै पारिश्रमिक गराउने भनि वडा नं ४ को च.नं २७४, मिति २०८१/०५/०५ को सिफारिस आएकोले सोहि बमोजिम आवश्यक कार्य गर्न ४ नं वडालाई अनुमति दिने निर्णय गरियो।

घ) त्रियुगा नगरपालिकाले झोलुङ्गे पुलको योजना मागका लागि वडाबाट प्राप्त भएबमोजिम विवरण तयार गरि शहरी विकास मन्त्रालय,स्थानीय पूर्वाधार विभाग,सस्पेन्सन बृज डिभिजन श्रीमहल,पुल्चोक,ललितपुर मा पठाउन पूर्वाधार शाखालाई निर्देशन दिने ।

ङ) त्रियुगा नगरपालिका वडा नं ७ बस्ने सुनिता कार्कीलाई कार्यालय सहयोगि पदको शूरु स्केल बराबरको पारिश्रमिक उपलब्ध गराउने, कार्यालय सहयोगी निर्मला मगरको सट्टामा त्रिनपा ९ निवासी सरीता खत्री लाई कार्यालय सहयोगि पदको शूरु स्केल बराबरको पारिश्रमिक हुने गरी मिति २०८१/७/1 दिखि २०८१ पौष मसान्तसम्म करार सम्झोता गर्ने, त्रि न पा ९ बस्ने शिव बिक्रम कार्की, त्रि न पा ९ बस्ने मान बहादुर दनुवार र त्रि न पा १० बस्ने अनुप राई र त्रि न पा १२ बस्ने जय नारायण चौधरीलाई चौकिदारको रुपमा मिति २०८१/०८/०१ देखि कामकाजमा लगाई दैनिक रु ६९० को दरले पारिश्रमिक उपलब्ध गराउने ।

च) त्रियुगा नगरपालिका वडा नं २ बस्ने बेचनी सदा २०८१/०३/२९ गतेको अविरल बर्षाका कारण त्रियुगा नदीको बाढीले बगाई मृत्यु भएकोले रु २५,०००(पच्चीस हजार) रकम काजक्रिया खर्च वापत उपलब्ध गराउने निर्णय गरियो ।

छ) त्रियुगा नगरिपालिकाको आन्तरिक नियन्त्रण प्रणाली, २०७८ को नियम २०.१ को "घ" मा रहने पदाधिकारी हरुमा ने क पा एमाले बाट निर्वाचित वडाध्यक्ष योगेन्द्र ब दाहाल र ने क पा माओवादीबाट निर्वाचित कार्यपालिका सदस्य रेखा थापा मगरलाई अनुगमन समिति सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

ज) त्रिनपा ११ का सृजना एग्रोभेट र अभिषेक एग्रोभेटले त्रि न पा २ का किसानहरुलाई कमसल धानको बिउ बिक्री गरेको भनि पिडित किसानहरुबाट निवेदन प्राप्त भएकोले उक्त एग्रोभेटहरुलाई सचेत गराउने निर्णय गरियो ।

झ) नगरपालिकामा कार्यरत कर्मचारी नगर प्रहरी तथा दमकलमा कार्यरत कर्मचारी तथा अन्य श्रेणीविहिन कर्मचारीहरुलाई सार्वजनिक विदाको समयमा काम गरेवापतको अतिरिक्त पारिश्रमिक प्रशासन शाखाको सिफारिस बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

ञ) त्रियुगा नगरपालिका वडा नं १० को खसिबजारमा कार्यरत तारा परियारको सट्टामा त्रि न पा १० बस्ने सन्ध्या कार्की बोहरालाई खसिबजार सरसफाईकर्मिको रुपमा मिति २०८१/०८/०१ देखि मासिक रु १०,०००। (दश हजार) पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

ट) त्रियुगा नगरपालिकाका पूर्व नगर प्रमुख श्री बलदेव चौधरीको ममतामयी आमा घटनवत्ती चौधरीको मिति २०८१/०७/२८ गते उपचारका क्रममा बिराटनगर स्थित गोल्डेन अस्पतालमा निधन भएकोले शोक सन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गर्दै मिति २०८१/०८/३० गतेका नगरपालिका तथा मातहतका कार्यालयहरुमा शोक पुस्तिका राख्ने निर्णय गरियो ।

ठ) नगरपालिकामा लामो समयदेखि अस्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको मिति २०८१/०७/०१ देखिको पारिश्रमिक उपलब्ध गराउने ।

२०८१/६/२५

२०८१/६/२५